दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाण्डौं प्रदेश नं ३

च न

मितिः२०७६।०६।२४

# सूचना सूचना सूचना

प्राविधिक शिक्षाको विकास विस्तार र पहुचलाई मध्यनजर राखी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद भक्तुरबाट सम्वन्धन लिइ शैक्षिक सत्र २०७६।०७७ का लागि यस नगर पालिका स्थित कामधेनु माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा अन्तर्गत डिप्लोमा इन एग्रिकलचर (बाली विज्ञान) कार्यक्रम संचालन हुने भएकोले तपशिल बमोजिम योग्यता भएका इच्छुक व्यक्तिहरुले आवेदन फाराम परिषदको वेवसाइट www.ctevt.org.np बाट डाउनलोड गरी मिति २०७६ कार्तिक १ गते भित्र विद्यालयमा दर्ता गर्नु पर्ने सम्वन्धी सूचना सम्वन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएकोछ।

तपशिल

मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान लिई एस. एल. सी. ( एसईई ) वा सो सरहको परीक्षा वा परिषद वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रम संग सम्वन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमशः ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तिर्ण गरेका अक्षराङ्क पद्धतिको नतिजाको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस ई ई परीक्षामा अनिवार्य अंग्रेजी गणित र विज्ञान मध्ये कुनै दुई वटा विषयमा न्यूनतम C ग्रेड र कुनै एक विषयमा न्यूनतम D+ ग्रेड प्राप्त गरेको हुन पर्ने ।

एस एल सी वा एस ई ई प्राविधिक धारको लागि GPA 1.6 प्राप्त गरेको हुन पर्ने ।

दक्षिणकाली नगरपालिका भित्र स्थायी बसोबास गरेका विद्यार्थिहरुलाई विद्यालयमा भर्ना भए पश्चात दनपा, कार्यपालिकाको निर्णयअनुसार आशिंक रुपमा छात्रवृति समेत उपलब्ध गराइनेछ ।

०७६।०६।२४

**रमेशसिंह थापा**
अधिकृत (दशौं)

विस्तृत जानकारीको लागि देहाय बमोजिम सम्पर्क गर्न समेत अनुरोधछ।
**प्रअ सुरेन्द्र लामा**
मो.न. ९८५१०५२३३६
कामधेनु माध्यमिक विद्यालय